नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# विद्युत विकास विभाग
(आयोजना अनुगमन, सुविधा सिफारिस
तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमांडौं, नेपाल

पत्र संख्याः- २०८१।८२
चलानी नं.:- २३८५

मितिः २०८२/०२/०५

विषयः रोयल्टी सम्बन्धमा।

श्री नेशनल हाईड्रो पावर कम्पनी लि.,
विनायकनगरमार्ग, नयाँ बानेश्वर, काठमाडौं।

उपरोक्त सम्बन्धमा आ.व. २०८०/८१ सम्म नेपाल सरकारलाई तिर्नुपर्ने रोयल्टी रकम रु. ७५,०१,०९६।०१ को भूक्तानीमा किस्ता बन्दीको सुविधा उपलब्ध गराउन अनुरोध गरेको च.नं. २१५/०८१/०८२, मिति २०८२/०१/२५ को पत्र सम्बन्धमा लेखिदैछ। तहाँ कम्पनीले तिर्नुपर्ने बक्यौता रोयल्टी रकम गत आ.व. को मात्र नभई विगत आ.व. २०७४/७५ देखि निरन्तररुपमा जम्मा हुदै आइरहेको देखिन्छ। यसरी प्रत्येक आ.व. मा नेपाल सरकारलाई तिर्नुपर्ने रोयल्टी रकम पूर्णरुपमा फरफारक नगर्दा केही रकम बक्यौताका रुपमा रहने भएकोले प्रत्येक आ.व. मा हिसाव मिलान गर्न कठिनाई भईरहेको विदितै छ। यसै सन्दर्भमा महालेखा परिक्षकको कार्यालयले आ.व. २०८०/८१ को अन्त्य सम्ममा तहाँबाट उठ्न बाँकी रहेको रकम बेरुजुको रुपमा औंल्याएको हुँदा र सो रकम असुल उपर गर्न निर्देशन समेत दिएकोले उक्त पुरै रकम अविलम्ब रोयल्टी राजश्व शिर्षक ३३३६४ मा दाखिला गरी/गराई रोयल्टी फरफारक गर्नुहुन निर्णयानुसार अनुरोध छ। साथै आगामी दिनमा तहाँबाट नियमित रोयल्टी रकम तिर्नुहुन समेत अनुरोध छ।

२०८२.०२.०५
(एवियन मरासिनी)
इन्जिनियर

बोधार्थः
श्री नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, दरबारमार्ग।

O/C